नेपाल सरकार
शिक्षा मन्त्रालय
**परीक्षा नियन्त्रण कार्यालय**
सानोठिमी, भक्तपुर
फोन : ६६३०७३९
६६३०८१९
६६३००७०
फ्याक्स : ६६३११४६

प. स. २०६७।०६८
च.नं.

मिति २०६८।१२।३

**विषय** : आवश्यक सहयोग बारे ।

श्री क्षेत्रीय शिक्षा निर्देशनालयहरू
पाँचै विकास क्षेत्र ।

उपर्युक्त विषयमा एसएलसी परीक्षा २०६८ को सञ्चालन व्यवस्थापनका सन्दर्भमा त्यस क्षेत्र अन्तर्गतका सबै जिल्ला शिक्षा कार्यालयहरुलाई यस कार्यालयबाट आवश्यक निर्देशन दिइसकिएको छ । सोही सन्दर्भमा निम्नलिखित थप विषयहरुसमेत जानकारी गराई सोहीअनुसार कार्यान्वयन गर्ने-गराउने व्यवस्था मिलाउन निर्देशन दिई आवश्यक सहयोग गरिदिनुहुन अनुरोध छ ।

डिल्लीराम रिमाल
नियन्त्रक

## जिल्ला शिक्षा कार्यालयहरूले समन्वय तथा कार्यान्वयन गर्नुपर्ने विषयहरू

- परीक्षा सञ्चालनमा शिक्षा ऐनको दफा १७, शिक्षा नियमावलीको नियम ४३ तथा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०६८ मा भएको व्यवस्थालाई कार्यान्वयन गराउने ।
- परीक्षालाई मर्यादित र व्यवस्थित बनाउनका लागि विद्यमान नीति नियमसँग नबाझिने गरी जिल्लाको आवश्यकताका आधारमा स्थानीय स्तरमा नीति निर्माण गर्ने ।
- परीक्षालाई शान्तिपूर्ण र मर्यादित बनाउन प्रत्येक परीक्षा केन्द्रमा सबै पक्षको संलग्नता हुने गरी परीक्षा केन्द्र सहयोग (व्यवस्थापन) समिति गठन गर्ने ।
- परीक्षालाई अनुशासित, मर्यादित र व्यवस्थित रुपमा सञ्चालन गर्न प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्लास्तरमा र परीक्षा केन्द्र विद्यालय व्यवस्थापन समितिका अध्यक्षको संयोजकत्वमा परीक्षाकेन्द्र स्तरमा बैठक बसी आचार-संहिता निर्माण गरी कार्यान्वयन गराउन निर्देशन दिने ।
- परीक्षाको गरिमा र शुद्धता कायम राख्न आफ्नै विद्यालयका परीक्षार्थी रहेका केन्द्रमा सम्बन्धित शिक्षकलाई केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष र निरीक्षक नराख्ने ।
- केन्द्राध्यक्षहरूको एकदिने अभिमुखीकरण (Orientation) सञ्चालन गरी आवश्यक निर्देशन दिने ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
# परीक्षा नियन्त्रण कार्यालय
सानोठिमी, भक्तपुर

फोन : ६६३०७३९
६६३०८१९
६६३००७०
फ्याक्स : ६६३११४६

प. स. २०६७०६८
च.नं.

- परीक्षा सञ्चालन कार्यमा संलग्न व्यक्तिहरूलाई उनीहरूको कार्यरत विद्यालय, तह, स्थायी/अस्थायी विवरण खुल्ने गरी फोटोसहितको परिचय पत्रको व्यवस्था गर्ने र त्यसको विवरण परीक्षा सुरु हुनुभन्दा १ दिनअगावै जिल्ला शिक्षा कार्यालयमा अनिवार्य रूपमा केन्द्राध्यक्षले बुझाउनुपर्ने ।
- जिल्लामा परीक्षाको मर्यादा कायम गर्न नसकेका केन्द्र र केन्द्राध्यक्षको विवरण अद्यावधिक गरी राख्ने । त्यस्ता केन्द्र र केन्द्राध्यक्षको हकमा अर्को वर्ष परीक्षा केन्द्रको जिम्मेवारीसमेत नदिने । अनियमित परीक्षा सञ्चालन भएका केन्द्रको परीक्षा रद्द गर्नेतर्फ आवश्यक कारवाही अघि बढाउने ।
- माध्यमिक र उच्च माध्यमिक विद्यालय (सामुदायिक र संस्थागत) तहको पठनपाठनमा संलग्न नरहेका प्राथमिक र निम्नमाध्यमिक तहका (राहत समेत) दरबन्दीमा कार्यरत शिक्षकहरूलाई मात्र निरीक्षकका रूपमा राख्ने । यस प्रयोजनका लागि जिल्ला शिक्षा कार्यालयमा अभिलेख कायम भएका संस्थागत विद्यालयका प्राथमिक र निम्नमाध्यमिक तहमा कार्यरत शिक्षकहरूलाई पनि निरीक्षकमा राख्न सकिने ।
- प्रत्येक केन्द्रमा खटिने सहायक केन्द्राध्यक्ष र निरीक्षकहरूको नाम, कार्यरत विद्यालय र तह खुल्ने गरी सूची जिल्ला शिक्षा कार्यालयमा राख्ने व्यवस्था गर्ने । परीक्षाबाट निष्कासन भएको अवस्थामा बाहेक पहिलो दिन निरीक्षकका रूपमा नियुक्ति पाई खटिइएका शिक्षकहरूलाई परीक्षा अवधिभर रहने व्यवस्था गर्ने । माथि उल्लिखित प्रकृतिका बाहेक अन्य कसैलाई कुनै पनि बहानमा निरीक्षकका रूपमा राख्न सख्त मनाही गर्ने । निरीक्षक तथा सहायक केन्द्राध्यक्ष फेर्ने र मर्यादित परीक्षा सञ्चालन गर्न नसक्ने केन्द्राध्यक्षलाई तत्कालै केन्द्राध्यक्षबाट निष्कासन गरी विभागीय कारवाहीको थालनी गर्ने ।
- प्रत्येक दिन परीक्षा कोठामा परीक्षार्थीले प्रवेश गर्नुपूर्व नै सुरक्षाकर्मीहरूको सहयोगमा परीक्षा हल, कोठा, शौचालयका सबै स्थानको कुनाकानी, तलमाथितिर परीक्षालाई प्रतिकूल प्रभाव पार्ने चिट, गाइड, किताब, कापी आदि भए-नभएको राम्ररी चेकजाँच गर्ने/गराउने व्यवस्था गर्ने ।
- परीक्षार्थीहरू परीक्षा केन्द्रको हाताभित्र प्रवेश गर्नुभन्दा आधा घण्टाअगावै परीक्षा केन्द्रको मूल गेटमा नै सुरक्षामा खटिएका सुरक्षाकर्मीहरुको सहयोगमा चिट, गाइड, गेस पेपर, म्यागिजन, कापी, किताब साथमा राख्न नपाउने गरी खानतलासीको व्यवस्था मिलाउने ।
- प्रत्येक कोठाको एउटा बेञ्चमा २ जनाभन्दा बढी विद्यार्थी राख्न नहुने । एउटा कक्षामा बसाइ व्यवस्था गर्दा एउटै विद्यालयका विद्यार्थीमात्र नराखी विभिन्न विद्यालयका विद्यार्थी मिलाई राख्ने व्यवस्था गर्ने ।
- परीक्षा हलमा केन्दाध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक, परीक्षार्थी कसैलाई पनि मोबाइल प्रयोग गर्न नदिने व्यवस्थाका लागि पहिले नै सुसूचित गराउने ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
# परीक्षा नियन्त्रण कार्यालय
सानोठिमी, भक्तपुर
फोन : ६६३०७३९
६६३०८१९
६६३००७०
फ्याक्स : ६६३११४६

प. स. २०६७०६८
च.नं.

- शिक्षकहरूका सबै पेसागत संस्थाहरूले आ-आफ्ना सदस्य शिक्षहरूलाई परीक्षा केन्द्र वरपर नजान कडाइका साथ निर्देशन दिने ।
- परीक्षार्थी र परीक्षा अनुगमनमा खटिएका अनुगमनकर्ता बाहेक अन्यलाई प्रवेश गर्न नदिने ।
- स्वयंसेवक वा अन्य कुनै पनि बहानामा कसैलाई परीक्षा केन्द्रमा प्रवेश गर्न नदिने ।
- परीक्षा केन्द्र कम्पाउण्ड बाहिरको आसपासको कम्तीमा १०० मिटर वरपरको क्षेत्रलाई परीक्षा निषेधित क्षेत्र कायम गर्ने गरी व्यवस्था मिलाउने ।
- परीक्षा केन्द्रमा खटिने कार्यालय सहयोगीलाई विद्यालय हाताबाहिर जान रोक लगाउने । यदि जाने-आउने गरेमा निजका हरेक क्रियाकलापमा विशेष निगरानी राख्ने ।
- परीक्षा हलमा परीक्षार्थीले चिट चोरेको पाइएमा निर्देशिकाअनुसार एक पटकका लागि चेतावनी दिने र बारम्बार त्यस्तो कार्य दोहोऱ्याएको पाइएमा परीक्षा हलबाटै निष्कासन गर्ने ।
- परीक्षाको मूल्य र मान्यता विपरीत काम गर्ने केन्द्राध्यक्षलाई चेतावनी दिने । चेतावनी दिंदादिंदै पनि बारम्बार त्यसको अपहेलना गरेमा केन्द्राध्यक्षबाटै निष्कासन गरी अभिलेख राख्ने र विभागीय कारबाहीका लागि आवश्यक प्रक्रिया अघि बढाउने ।
- कुनै निरीक्षकबाट परीक्षार्थीलाई चोरी गराएको पाइएमा वा नक्कली परीक्षार्थी फेला परेमा सुरक्षामा खटिएका सुरक्षाकर्मीको सहयोग लिई गिरफ्तार गर्ने र सार्वजनिक अपराध ऐन र प्रचलित कानुनअन्तर्गत मुद्दा चलाउने र सो सार्वजनिकीकरण गर्न तत्काल सञ्चार माध्यमबाट प्रसारण गर्ने ।
- प्रश्नपत्र खोल्दा विषय, परीक्षा मितिको यकिन गरी सुरक्षामा खटिएका सुरक्षाकर्मी र सम्भव भएसम्म जिशिकाका प्रतिनिधिको रोहवरमा खोल्ने । प्रश्नपत्र खोल्नुअघि परीक्षा केन्द्र हाताभित्र परीक्षामा खटिएका बाहेक अरू कोही भए परीक्षा केन्द्रबाहिर पठाउने व्यवस्था मिलाउने ।
- एसएलसी उत्तरपुस्तिका परीक्षण कार्यलाई मर्यादित र व्यवस्थित गर्ने । परीक्षामा अनियमितता गरी कारवाही सूचीमा परेका शिक्षकहरूबाट एसएलसी उत्तरपुस्तिका परीक्षण नगराउने । माध्यमिक तहका विषयहरू पठनपाठन गरिरहेका शिक्षकहरूबाट मात्र उत्तरपुस्तिका परीक्षण गर्ने व्यवस्था मिलाउने ।